परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष १४ ❑ अंक ७ २०८२ भाद्र २२ आईतवार Sunday 31, SEP 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## महान पर्व जितियाको अवसरमा शुभकामना अदान-प्रदान तथा सम्मान



विराटनगर । मधेशी महिलाहरुले मनाउने महान पर्व जितियाको अवसरमा मैथिल ब्राह्मण सभा महिला कार्य समिति मोरंगले शुभकामना अदान-प्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि श्रीराजदेवी संगित कला केन्द्र प्रशिक्षणको अध्यक्ष विद्या मिश्राले कार्यक्रमलाई सम्बोधन गर्दै भने खास गरी तराई मधेशमा बसोवास गर्ने सवै जातजातिका महिलाहरुले मनाउने महान पर्व जितिया घरघरमा व्रत बसी मनाउने गरेता पनि हाल आएर जितिया पर्व आउनुभन्दा पहिले देखि नै टोलबस्तीहरुमा महिला हरुको समूह मिलेर सामूहिक नाचगान, मिठा मिठा पकवानहरु व्यवस्था गरी सामूहक रुपमा खनपिन गरी रमाइलो गरी मनाउने भएकोले महिलाहरुको क्षमता विकास समेत भएको वताए ।

सोही अवसरमा प्रमुख अतिथि मिश्राले विराटनगर-१० को मिरा झालाई सांस्कृतिक क्षेत्रमा योगदान गरे वापत, विराटनगर-१२ को स्नेहा झा पिएचडीमा सतप्रतिशत अंक प्राप्त गरे वापत र विराटनगर-१२ को जया कुमारी ठाकुर ( चौधरी) लाई चित्रकला क्षेत्रमा योगदान गरेवापत सम्मान गरेका थिए ।

उक्त कार्यक्रमा विशिष्ठ अतिथिको रुपमा मैथली ब्राह्मण सभा जिल्ला अध्यक्ष मनोज मिश्रा, आभा मिश्रा, आरती झा, सल्लाहकार समितिका भगवान झा, लक्ष्मी रमण झा, विपुलेन्द्र झा, मैथिल ब्राह्मण सभा यूवा कार्यसमिति मोरंग अध्यक्ष राजेश्वर मिश्रा अतिथी सल्लाहकार प्रेम नारायण झा लगायतले शुभकामना मन्तव्य दिएका थिए । सो अवसरमा दर्जनौ समाज का उच्च ओहोदाका व्यक्तित्वहरु र उल्लेख्य महिलाहरुको उपस्थिति रहको थियो ।

महान पर्व जितियाको अवसरमा शुभकामना आदान-प्रदान तथा सम्मान कार्यक्रम मैथिल ब्राह्मण सभा महिला कार्यसमिति मोरंग अध्यक्ष प्रति झाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रेस खबरद्धारा संसारी खबरको शुभारम्भ

विराटनगर । विराटनगर देखि २२ किलोमिटर पूर्व मोरंगको पुरानो सदरमुकाम रंगेलीको बकराह खोलाको पूर्वमा टाँसेर रहेको संसारी माताको नामबाट दर्ता भएको संसारी खबर अनलाइन पोर्टलको विधीवत रूपमा पूजाअर्चना गरी विहीवार शुभारम्भ भएकोछ ।

शुभारम्भ कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले रिवन काटेर प्रेस खबरद्वारा संचालित संसारी खवरको शुभारम्भ गरेका थिए । विराटनगर-८ मा रहेको अष्ट चरणाजिवी मन्दिरमा भएको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष खड्काले भने पत्रकारीता क्षेत्रलाई मर्यादित बनाउदै अगाडि बढ्न सुझाव दिदै संसारी खबर न्युज पोर्टल देश विदेशमा लोक प्रियता कायम गर्न सफल होस भनी शुभकामना दिएका थिए ।

त्यसैगरी कार्यक्रमका विशिष्ट अतिथि जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य माननीय जयराम यादव, विराटनगर-८ का वडा अध्यक्ष राम पोखरेल, नेपाल पत्रकार महासंघका अध्यक्ष शुशीला पाठक, उपाध्यक्ष संतोष सिग्देलले संसारी खबरको सफलताको शुभकामना दिएका थिए ।




पत्रकारसंग सम्बन्धित संघ, संगठनका प्रतिनिधिहरू, विभिन्न संचार माध्यमका संचालकहरू, पत्रकारहरू र राजनितीक

वांकी अन्तिम पेजमा...

## जिएसटीसंगै नेपाल सरकारलाई कर नितिमा सुधार गर्न सुझाव

विराटनगर । भारतमा हालै सम्पन्न भएको ५६औं जिएसटी परिषद्को निर्णय अनुसार आम उपभोक्ताले प्रयोग गर्ने दैनिक उपभोग्य वस्तुहरु, कृषकले प्रयोग गर्ने कृषिजन्य वस्तुहरु लगायत आमव्यक्तिको दैनिक जनजीवन मा प्रत्यक्ष प्रभाव पार्ने वस्तुहरुको जिएसटी करका दरहरुमा भारी कटौती गर्दै नयाँ तीन तह (५,१८ र ४० प्रतिशत) को कर सेप्टेम्बर २२ देखि लागू हुने भएपछि नेपालका उद्योगी व्यवसायीले नेपाल सरकारलाई कर निति सुधार गर्नको लागि ४ बढ्ढे सुझाव दिएका छन् ।

भारतको हालै परिमार्जित जिएसटीका दरहरुका कारण नेपालका उद्योग, व्यवसाय, बजार तथा सरकारको राजस्वमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न नेपाल सरकारले पनि तत्कालै आफ्नो कर नीतिमा सुधार गर्नु पर्ने धारणा सहित विहीवार सरकार सुझाव पेश गरको हो ।

पेश गरेको सुझावहरुमा १.अत्यावश्यक वस्तुमा न्यून कर, मध्यमवर्गीय वस्तुमा मध्यम कर र विलासी वस्तुमा उच्च कर जस्तो रणनीति बनाई नेपालले तत्कालै बहुदरको कर प्रणाली अवलम्बन गर्नु पर्ने, २. दैनिक उपभोग्य वस्तुहरुका अन्त: शुल्क र भन्सार महसुल घटाउनु पर्ने, ३. करका दर हरु घटाउँदा स्वदेशी उद्योगहरुलाई परिरहेको नकारात्मक असरलाई न्यूनिकरण गर्न कर छुट, जस्ता अनुदानहरु प्रदान गर्नु पर्ने, ४. उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावहरु पूर्ण रुपमा अवलम्बन गर्नु पर्ने रहेका छन् ।

विगत देखिनै अन्त:शुल्क, मु.अ.कर, भन्सार दर आदिका कारण नेपाली वस्तुहरुको मूल्य भारतको भन्दा अत्याधिक रहँदै आएकोमा भारतको परिमार्जित जिएसटी प्रणाली लागू भए पश्चात् नेपाल भन्दा भारतमा सामानहरु झन् सस्तो हुने भई नेपाली उपभोक्ता सीमा पारीका

वांकी अन्तिम पेजमा...



## जिएसटी...

बजार प्रति अझ आकर्षित हुने, चोरी पैठारी अत्याधिक मौलाउने, सीमा वर्ति स्वदेशी बजार सहित स्वदेशी साना-ठूला सबै उद्योगहरु प्रभावित हुने र राजस्व संकलनमा समेत ठूलो ह्रास हुने भई समग्र नेपाली अर्थतन्त्र मै नकारात्मक प्रभाव पर्ने सम्भावना बढ्ने उद्योगी व्यवसायीको अनुमान छ ।खुल्ला सीमाबाट वार्षिक ३० हजार करोड भन्दा बढिको अवैध कारोबार नियन्त्रण गर्न नसकिएको तितो सत्य रहेकोमा सो समस्याको दीर्घकालिन समाधानका लागि भारतीय करका दरहरुलाई ध्यानमा राखेर नेपालले आफ्नो करका दरहरु निर्धारण गर्नु पर्ने हाम्रो माग रहँदै आएको छ। तत्पश्चात् मात्र नेपाली बजार गुल्जार हुने, आम नेपालीको हित संरक्षित हुने, नेपाली उद्योगहरुको प्रवर्द्धन हुने र राजस्व संकलन बृद्धि हुने उद्योगी व्यवसायीको बुझाई छ।

## प्रेस खबर...

दलका प्रतिनिधिहरू र संसारी खवरका सम्पादक सरोज प्रसाद दहाल लगायतको उपस्थित रहेको थियो।

संसारी खबरको प्रवन्ध निर्देशक सुनिल यादवको अध्यक्षतामा शुभारम्भ कार्यक्रम सम्पन्न भएको थियो।




# गणेश मन्दिरको स्थापना दिवस सम्पन्न



विराटनगर। विराटनगर महानगरपालिका वडा नं. ८ स्थित प्रगती विनायक टोलमा रहेको गणेश मन्दिरको स्थापना दिवस भव्यताका साथ सोमवार सम्पन्न भएको छ।

गणेश मन्दिरमा विराजमान रहेको गणेश भगवानको टोलवासीहरूले मिलेर पूजाअर्चना गरी स्थापना दिवस मनाएको हो।

स्थापना दिवसको अवसरमा भक्तजनहरु, मन्दिरका संरक्षकहरू, संस्थापक सदस्यहरु, आजीवन सदस्यहरु, साधारण सदस्यहरु, मन्दिरका पूर्व संचालकहरु, पूर्व र वर्तमान सल्लाहकारहरु, मन्दिरको विभिन्न समिति, उपसमितिमा रहेका पूर्व र वर्तमान सदस्यहरु, विगतमा आयोजना भएको भागवत पुराण र अन्य अवसरमा मन्दिरको निर्माण र अन्य कार्यको लागि दान दिनुहुने दाताहरूको उल्लेख्य उपस्थित रहेको थियो।

टोलवासीको आर्थिक, भौतिक तथा नैतिक समर्थनले भगवन गणेशको पूजाअर्चना, भजन, किर्तन, नाचगान गर्नुका साथै प्रसाद वितरण गरी भव्य र सभ्य रूपमा स्थापना दिवस सम्पन्न भएको गणेश मन्दिर व्यवस्थापन समितिका कार्वाहक अध्यक्ष गणेश खड्काले वताए।


## मानब बेचविखन अपराध हो ।

- मानिसलाई झुक्याएर बन्धक वनाउने वा दास वनाउने,
- मानिसलाई खरिदबिक्री गर्ने वा जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृतिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमनम गर्ने वा गराउने जस्ता कार्य मानव बेचविखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानुन बमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरी चौकीमा खबर गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- सडक बाटोको अतिक्रमण नगरौ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाईंसराइ दर्ता लगायतका पञ्जिकरण गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।

धनपालथान गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमोरङ्ग, कोशी प्रदेश, नेपाल

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : अर्जुन गिरी

१० नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।



वडा अध्यक्ष : विश्वनाथ भगत

९ नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमाजथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ।
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : राम पोखरेल

८ नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### जिएसटीले नेपालमा पार्ने प्रभाव

भारतमा हालै भएको नयाँ वस्तु तथा सेवा कर निति जिएसटी प्रणालीलाई अझै परिष्कृत गर्दै लागू गरेको छ। भारत जस्तो विशाल बजारमा कर प्रणालीमा आएको परिवर्तनले केवल भारतभित्रै होइन, भारतसँग आर्थिक, व्यापारिक र भौगोलिक हिसाबले नजिक रहेका छिमेकी मुलुकहरूमा पनि प्रत्यक्ष-अप्रत्यक्ष असर पार्छ। नेपालका लागि यो विषय विशेष चासोको हो, किनभने नेपाल-भारतबीचको व्यापार सम्बन्ध अत्यन्त घनिष्ठ छ।नेपालले गर्ने आयातमा भारतको हिस्सा झण्डै दुई तिहाइ छ। यस्तो अवस्थामा भारतको नयाँ जिएसटी संरचनाले नेपालमा आउने वस्तुहरूको मूल्यमा प्रत्यक्ष प्रभाव पार्नेछ।

जिएसटी का दरहरू अनुसार केही वस्तुमा भारतभित्र कर घटेमा नेपाल भित्रिने सामान सस्तो हुन सक्छ भने कतिपय वस्तुमा कर बढेमा नेपालमा आयात महँगो पर्न सक्छ। यसले नेपाली उपभोक्ताको भुक्तानी क्षमतासँगै बजारमा मूल्य असन्तुलन ल्याउने सम्भावना छ। जिएसटी प्रणालीले भारतमा कर असुली प्रक्रिया पारदर्शी र डिजिटलाइज्ड बनाउने भएकाले सीमा नाकाहरूमा भन्सार प्रक्रियामा पनि परिवर्तन आउनेछ। यसले एकातिर त तस्करी तथा अवैध कारोबारलाई नियन्त्रण गर्ने सम्भावना छ भने अर्कोतर्फ सुरुवाती चरणमा आवश्यक पूर्वतयारीको अभावमा ढुवानी ढिलाइ र अनावश्यक जटिलता पनि बढ्न सक्छ।

नेपालका उद्योग र व्यवसायीहरूका लागि यसले दुई किसिमको चुनौती ल्याउने देखिन्छ। पहिलो, आयातमा पर्ने भिन्न असरले उनीहरूको उत्पादन लागत प्रभावित हुनेछ। दोस्रो, भारतभित्र उद्योगलाई मिल्ने कर-छूट वा सहुलियतका कारण भारतीय वस्तु अझ प्रतिस्पर्धी बनेमा नेपाली उद्योग दबाबमा पर्न सक्छ। भारतमा कर संरचना पारदर्शी र सरल बन्दा दीर्घकालमा नेपाल-भारत व्यापारमा देखिने अनौपचारिक समस्या घट्नेछ। छिमेकी मुलुकको नीतिगत परिवर्तनसँग तालमेल मिलाउन नसक्दा नेपालका बजार र उपभोक्ता हानीमा पर्न सक्छन्, तर समयमै तयारी गरेमा यसले दीर्घकालीन लाभ पनि दिन सक्छ।

# मदिराको विज्ञापन प्रतिबन्ध र मिडियाको संकट


रमेश कुमार बोहोरा

नेपालमा मिडियामा मदिरा को विज्ञापन बन्द गर्ने सरकारी निर्णयले लामो समयदेखि बहस निम्त्याउँदै आएको छ। एकातिर यो स्वास्थ्य र सामाजिक दृष्टिले अपरिहार्य निर्णय हो भन्ने पक्षधरहरू छन् भने अर्कातिर यसले मिडियाको आम्दानीका स्रोतलाई थिचेर अभिव्यक्ति स्वतन्त्रता र व्यवसायिक टिकाउपनामा चुनौती खडा गरेको छ भन्ने मिडिया क्षेत्रका प्रतिनिधिहरूको दृष्टिकोण छ। खासगरी विज्ञापनमा निर्भर हुने निजी सञ्चार माध्यमहरूको दृष्टिकोणले यो विषयलाई गम्भीर ढंगले बुझ्नु जरुरी छ। नेपालमा सञ्चार माध्यमहरू प्रायः विज्ञापनबाट चल्ने भएकाले यस्तो निषेधले उनीहरूको अस्तित्व र दिगोपनामा प्रत्यक्ष प्रहार गरेको छ भन्ने तथ्यलाई बेवास्ता गर्न सकिँदैन।

विज्ञापनको संरचनात्मक स्वरूपमा हेर्ने हो भने सरकारी निकाय, ठूला कम्पनी र बहुराष्ट्रिय उत्पादनकर्ताहरू मुख्य स्रोत हुन्छन्। यिनैमध्ये मदिरा उद्योग एक स्थायी र आकर्षक स्रोत बनेको थियो। यो उद्योगले ब्राण्ड प्रमोशनका नाममा रचनात्मक विज्ञापन मार्फत टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाइन र हालको डिजिटल प्लेटफर्महरूमा ठूलो लगानी गर्ने गरेको थियो। त्यो स्रोत बन्द भएपछि सञ्चार माध्यमको राजस्व संरचना कमजोर बन्यो र ठूलो संख्यामा सञ्चार गृहहरू आर्थिक संकटमा परेका छन्।

मदिरा विज्ञापन निषेधलाई नीतिगत रूपमा सकारात्मक कदम मान्न सकिन्छ तर यसलाई कार्यान्वयन गर्ने क्रममा सरकारले मिडिया क्षेत्रको आर्थिक आधारलाई कसरी सुरक्षित गर्ने भन्ने प्रश्नलाई बेवास्ता गरेको छ। यो अवस्थाले मिडिया स्वतन्त्रताको आधारभूत सवाललाई प्रभावित गरेको छ। प्रेस स्वतन्त्रताको मूल्य केवल सेन्सरशिपबाट जोगिनु मात्र होइन स्वतन्त्र सञ्चार गृहहरूलाई दिगो बनाउन सक्ने वातावरण उपलब्ध हुनु पनि हो। तर जब उनीहरूको आम्दानी स्रोतहरू एकपछि अर्को गर्दै बन्द गरिन्छन् र विकल्प दिइँदैन तब प्रेस स्वतन्त्रता व्यवहारमा कमजोर हुन थाल्छ।

नेपालमा मदिरा विज्ञापन रोकिएको कारण बुझ्दा स्वास्थ्य र सामाजिक पक्षलाई आधार बनाइएको देखिन्छ। मदिरा सेवनले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने र सामाजिक अपराध बढाउने तथ्यलाई आधार बनाइएको छ। यथार्थमा विज्ञापनलाई मात्र नियन्त्रण गरेर यी समस्याहरू समाधान हुँदैनन् भन्ने तथ्य पनि उत्तिकै महत्वपूर्ण छ। गाउँ-गाउँमा शहरका कुनाकाप्चामा खुलेका साना भट्टी, अनुगमनविहीन उत्पादन, कर छल र गैरकानुनी व्यापार नै समस्याको मूल हो भने विज्ञापनलाई मात्र पूर्ण रूपमा रोक्नु सजिलो निर्णय भए पनि समाधानको स्थायी उपाय होइन। यसरी हेर्दा सरकारले सजिलो बाटो रोजेको छ तर गहिरो समस्या समाधानमा पहल नगरेको देखिन्छ।

संचार क्षेत्रले भने लामो समयदेखि मदिराको विज्ञापन रोक्दा वैकल्पिक स्रोत खोज्न सकिएन भन्ने गुनासो गर्दै आएका छन्। सरकारी विज्ञापनहरू नै न्यून छन् निजी क्षेत्रका विज्ञापनहरूमा पनि ठूला बहुराष्ट्रिय कम्पनीहरूले मात्र प्रभाव जमाइरहेका छन्। यस्तो अवस्थामा खासगरी प्रिन्ट मिडिया र रेडियो जस्ता माध्यमहरू आर्थिक संकटमा फसेका छन्। डिजिटल प्लेटफर्मले केही राहत पाएको भए पनि परम्परागत मिडियामा यसको प्रभाव गम्भीर बनेको छ। सञ्चार गृहका पत्रकार, प्राविधिक कर्मचारी र सम्पूर्ण संरचनाको रोजगारीसमेत संकटमा परेको तथ्यलाई बेवास्ता गर्न सकिँदैन।

यस्तो निषेधले अर्को समस्यात्मक अभ्यासलाई जन्म दिएको छ जसलाई "सर्पोट ब्रान्डिङ" भनिन्छ। उत्पादनको वास्तविक स्वरूप मदिरा भए पनि त्यसको नाममा पानी, सोडा वा कार्यक्रम प्रायोजनमार्फत विज्ञापन गर्ने चलन सुरु भएको छ। यसले बजारमा अझै भ्रम फैलाइ रहेको छ र ठूला कम्पनीहरूले आफ्नो प्रभाव बढाइरहेका छन्। तर कानुनले पूर्ण रूपमा निषेध गरेकोले सञ्चार माध्यमले यस्तो प्रविधिलाई पनि प्रयोग गर्न सक्दैनन्। फलस्वरूप सञ्चार गृहहरूको आम्दानी निरन्तर घटिरहेको छ।

यो विवादलाई अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्दा अझै स्पष्ट हुन्छ। धेरै देशहरूले मदिरा विज्ञापनमा प्रतिबन्ध लगाएका छन् तर अधिकांशले मिडियालाई विकल्प उपलब्ध गराएका छन्। कतिपय देशमा सरकारले मिडियालाई अनुदान वा सब्सिडी दिएको छ। कतिपयमा सामाजिक सन्देशमार्फत राजस्व बाँड फाँटको व्यवस्था गरिएको छ। नेपालमा भने यस्तो व्यवस्था नहुँदा मिडिया एक्लै संकट भोगिरहेको छ। जब सरकारले नीतिगत निर्णय गर्छ त्यसको प्रत्यक्ष असर पर्ने क्षेत्रलाई वैकल्पिक उपाय नदिई ठप्प पारिदिन्छ भने त्यो निर्णय असन्तुलित हुन्छ।

मिडिया लोकतन्त्रको आधारभूत स्तम्भ हो भन्ने कुरा सरकारी नीतिले व्यवहारमा देखाउन सक्नुपर्छ। लोकतन्त्र मा मिडियालाई दबाउने होइन स्वतन्त्र र सक्षम बनाउने हो। यदि मिडिया आर्थिक रूपमा असक्षम छ भने स्वतन्त्रतामा नै प्रश्न खडा हुन्छ। विज्ञापन निषेधले सञ्चार गृहलाई आर्थिक संकटमा धकेल्दा उनीहरूले अन्य स्रोत खोज्न विवश हुन्छन्। कतिपय अवस्थामा यसले मिडियालाई "पेड न्यूज" वा स्वार्थी राजनीतिक वा व्यावसायिक दबाबसँग सम्झौता गर्न बाध्य पार्छ। यसले स्वतन्त्र

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी बढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।



## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# धार्मिक स्थानमा "मन्दिर" को परिचय

**श्याम सुन्दर सुतिहार**

मन्दिर भनेको कुनै पनि धर्म विशेषतः हिन्दु धर्मका देवतावा देवीको पूजा, आराधना तथा धार्मिक क्रियाकलाप गर्ने पवित्र स्थल हो। यो एक प्रकारको धार्मिक संरचना हो जहाँ भक्तजनहरूले दर्शन, पूजा, प्रार्थना, भजन, कथा आदि कार्य हरू गर्दछन्। मन्दिरहरू केवल पूजा गर्ने ठाउँ मात्र होइनन्, यी सांस्कृतिक, ऐतिहासिक र सामाजिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण स्थलहरू हुन्।

मन्दिरमा सामान्यतः देवताको मूर्ति वा प्रतीक स्थापित गरिन्छ, जसलाई "मुख्य देवता" मानिन्छ। पूजा गर्ने ठाउँलाई गर्भगृह भनिन्छ र भक्तजनहरूले बाहिरैबाट वा नजिकैबाट दर्शन गर्छन्।


धनपालथान-३ मा रहेको कपलेश्वर महादेवको मन्दिर

**समाजमा मन्दिरको महत्व र भूमिका**

धार्मिक-आध्यात्मिक केन्द्रको रूपमा महत्व : भक्तजनहरू आफ्नो आस्था, श्रद्धा र विश्वास अनुसार पूजा गर्न जान्छन्। त्यसबाट आध्यात्मि शान्ति प्राप्तभएको अनुभूति गर्छन्।

समाजमा एकता ल्याउने। चाडपर्व, मेलापर्व, कथा वाचन आदि मन्दिरहरूमा आयोजना हुने भएकाले समाजको सहयोगमा सम्पन्न गरिने भएकाले सामाजिक तथा सामुदायिक भावना बलियो बनाउँछ।

पर्यटन र सम्पदाका रूपमा महत्व : पुराना मन्दिरहरू ऐतिहासिक सम्पदा पनि हुन् जसले धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्छन्।

**मन्दिरमा पूजाका लागि चाहिने सामग्रीहरू**

मन्दिरमा पूजाका लागि चाहिने प्रमुख सामग्रीहरू यहाँ सूचीबद्ध गरिएको छ। यी सामग्रीहरू प्रायः हिन्दू परम्परामा प्रयोग गरिन्छ। केही देवताहरूको पूजामा विशेष वस्तुहरू पनि थपिन्छन्।

- दियो (दीप): घिउ वा तेल राखीबालिने बत्ति, उज्यालो र पवित्रताको प्रतीक
- कलश: जलभरेको ताँबे वा पित्तलको भाँडो, पूजा आरम्भमा राखिन्छ।
- अक्षता: देवी-देवतालाई चढाउन वा मन्दिरमा पूजा गर्न प्रयोग गरिने सिन्दुर वा रङमा मुछिएको चामल
- पुष्प (फूल): पूजामा प्रयोग हुने फूल, विशेष गरेर रातो र सेतो रङको फूल
- धूप/अगरबत्ती: सुगन्ध दिने धुवाँ दिने र वातावरण पवित्र बनाउने
- फलफूल: भगवानलाई चढाउने केरा, स्याउ, सुन्तला, बयर आदि फलहरु
- नारिवलर सुपारी: शुद्धता र समर्पणको प्रतीकका रूपमा नरिवल र सुपाडी प्रयोग गरिन्छ।
-पन्चामृत: दूध, दही, मह, घिउ र चिनीको मिश्रणबाट बनाइएको र भगवानलाई स्नान गराउने तरल पादर्थ
- शुद्ध पानी: शुद्धता र पवित्रताको लागि प्रयोग हुने शुद्ध पानी वा गंगाजल
- बेलपत्र: शिवको पूजामा विशेष रूपमा खोजिने बेलको पात
- तुलसीपत्र: विष्णु पूजा वा कृष्ण पूजामा आवश्यक
- सिन्दूर/चन्दन/अबिर:: टीका लगाउन र मूर्तिमा अर्पण गर्न
- नैवेद्य (प्रसाद) : पकाइएका वा तयार भएका मिठाई, लड्डु, खिर आदि
- डोरो /जनै, : विधिपूर्वक बाँध्नका लागि
- घण्टी (घण्टाघर): पूजा सुरू गर्दा बजाउने
- आरतीको थाली : दियो, फूल, धूप राखेर घुमाउने थाल

**मन्दिरका प्रकारहरू**

हिन्दू धर्ममा विभिन्न देवता र देवीहरूको पूजा गरिन्छ। उनीहरूका लागि अलग-अलग मन्दिरहरू बनाइन्छन्। शिव मन्दिर त्यस्तो मन्दिर हो जहाँ भगवान् शिवको मूर्ति वाशिवलिङ्ग स्थापना गरिएको हुन्छ। जस्तै–विश्व प्रसिद्ध पशुपतिनाथ मन्दिर। विष्णु मन्दिरमा भगवान् विष्णु वाउनका अवतारहरू (राम, कृष्ण आदि) को पूजा गरिन्छ। यस्ता मन्दिरहरू भक्तजनहरूका लागि मोक्षको बाटो मानिन्छ। त्यसैगरी, देवी मन्दिरहरू दुर्गा, काली, लक्ष्मी, सरस्वती जस्ता देवीहरूको पूजा गर्ने स्थल हुन्, जसमा शक्तिको आराधना गरिन्छ।

त्यस्तै, हनुमान मन्दिरमा बल, भक्ति र समर्पणका प्रतीक हनुमानजीको पूजा गरिन्छ। विशेष गरेर मङ्गलबार र शनिबारको दिन गणेश मन्दिरमा विघ्नहर्ता श्रीगणेशको मूर्ति विराजमान गरिएको हुन्छ, ।

१. शिवमन्दिर

शिवमन्दिर भनेको त्यस्तो पवित्र स्थान हो जहाँ भगवान् शिवको पूजा गरिन्छ। यी मन्दिरहरूमा प्रायःशिवलिङ्ग स्थापना गरिएको हुन्छ, जुन भगवान् शिवको प्रतीक हो। भक्तजनहरूले जल, दूध, बेलपत्र, धतुरो, आकको फूलआदि चढाउँछन्। शिव मन्दिरहरू विशेष गरी सोमबार र महाशिवरात्रिमा अत्यधिक भीड हुने गर्छ। उदाहरणको लागि, पशुपतिनाथ मन्दिर, काठमाडौंमा अवस्थित, नेपालकै सबैभन्दा प्रसिद्ध शिवमन्दिर हो।

२. विष्णु नारायण मन्दिर

विष्णु मन्दिरमा भगवान् विष्णु र उनका अवतारहरू ( जस्तै-राम, कृष्ण) को पूजा गरिन्छ। यी मन्दिरहरूमा तुलसीपत्र, चन्दन, फूलआदिको अर्पण गरिन्छ। विष्णु मन्दिरहरूमा एकादशी, जनैपूर्णिमा, र कृष्ण जन्माष्टमी जस्ता पर्वहरू विशेष उत्सवका रूपमा मनाइन्छन्।

३. देवीमन्दिर

देवी मन्दिरमा दुर्गा, काली, लक्ष्मी, सरस्वती आदि देवीहरूको पूजा गरिन्छ। यस्ता मन्दिरहरूमा शक्तिको आराधना गरिन्छ, र नवरात्रि, दशैं, दीपावली तथा सरस्वती पूजामा विशेष उत्सव गरिन्छ। देवी मन्दिरहरूमा फुल, अक्षता, प्रसाद, रातो कपडा आदिको चढाइ गरिन्छ। गोरख काली मन्दिर, पाल्पाको भगवती मन्दिर आदिले सांस्कृतिक तथा धार्मिक महत्त्व बोकेको छ।

४. हनुमानमन्दिर

हनुमान मन्दिरमा हनुमान जी, शक्ति र साहसका प्रतीकको मूर्ति स्थापना गरिएको हुन्छ। यस्ता मन्दिरहरूमा रातो सिन्दूर, तेल, गाडा लड्डु तथा तुलसीको माला चढाइन्छ। शनिबार र मङ्गलबार विशेष पूजा हुने दिन हो। हनुमानलाई बल र भक्ति दुवैको प्रतीक मानिन्छ।

५. गणेशमन्दिर

गणेश मन्दिरहरूमा श्रीगणेश, जो विघ्नहर्ता (बाधा हटाउने देवता) हुन्, पूजा गरिन्छ। कुनै पनि शुभकार्य सुरु गर्नुअघि गणेश पूजन गरिन्छ। उनीलाई मोदक, दुर्वा (हरियो घाँस), रातो फूलआदिले पूजा गरिन्छ। सन्दल, सिन्दूर, अक्षता पनि प्रयोग गरिन्छ। कुमारीपाटीको अशोकविनायक, छ्वाँगाको सुर्यविनायक मन्दिर प्रसिद्ध गणेश मन्दिरहरू स्थापना हुन।

६. शनि मन्दिर

शनि मन्दिर भगवान् शनिदेव (शनिग्रहका देवता) लाई समर्पित मन्दिर हो। हिन्दू धर्ममा शनिलाई न्यायका देवता, कर्मको फलदिने तथा कष्टहरूसँग सम्बन्धित ग्रहदेवता मानिन्छ। उनलाई विशेषगरी ती व्यक्तिहरूले पूजा गर्छन् जसले जीवनमा समस्याहरू, विघ्न-बाधा, स्वास्थ्य, धन या भाग्यको समस्या अनुभव गरिरहेका हुन्छन्। शनिदेवलाई कालो वस्त्र, कालो तील, कालो घोडा या राँगो, अनि कालो रङको प्रसाद अर्पण गरिन्छ। शनि मन्दिरहरूमा शनिबारको दिन विशेष पूजा, व्रत, र दर्शन गरिन्छ। पूजागर्दा सरसोंको तेल (तोरीको तेल) माआफ्नो अनुहार हेरेर दान दिने चलनपनि छ।




वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔं।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : श्याम घिमिरे

१९ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔं।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : जीतेन्द्र कुमार शाह

१८ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश


वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔं।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : समिम कमर मियाँ

१७ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# कोशीको स्थानीयतहमा कामकाजको भाषा : मगही (ठेठी) सबभन्दा बढी उपयुक्त



लेखक : जय प्रकाश महतो

विराटनगर । कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विद्येयकको प्रस्तावना र दफा २ परिभाषाको उपदफा "६" मा सरकारी कामकाजको भाषाको लागि केही भाषाहरुको नाम प्रस्ताव भएको छ। भाषा स्थानीय तहमा बढी भन्दा बढी मान्छेले बुझ्ने, बोल्ने र जान्ने प्रकृतिको हुनु पर्दछ। यसलाई आधार बनाउने हो भन्ने ठेठी भाषा सबै भन्दा उपयूक्त हुन्छ। हुन त ठेठी भाषा भनेर तथ्यांकमा छैन् तर घर घरमा ठेठी भाषा बोलिन्छ भन्ने कुरामा हामी सबै सहमत छौं। अव हामी मातृभाषाको बारेमा छोटो चर्चा गरौं ।"भाषाभूगोल र जातपहिचानको मूलआधार हो।"

पहिलो भाषा, जिब्रोको बोली, मूलभाषा, माता-पिताका जीब्रोको बोली एउटा भाषा हो त्यसलाई मातृभाषा भन्दछ। मातृभाषा भूगोल र जातसँग सम्बन्ध राख्दछ। कोशी प्रदेशमा विभिन्न जातजाति र भूगोलमा फरक फरक मातृभाषा रहेको हामी सबैलाई थाहा नै छ। यसलाई एउटा कडीको रुपमालिनु पर्ने हो। जुनभूगोल वा स्थानीयमा जुन भाषा बोल्दछ त्यहाँ स्थानीय जनसंख्याको आधारमा सरकारी कामकाजको भाषाहुनु पर्दछ। जस्तै मगही भाषा धनकुटा, खोटाङमा आवश्यक छैन त्यस्तै सुनसरीको देवानगंज र हरिनगरामा शेर्पा भाषाको कुनै आवश्यक छैन्। हो, हामी सबैले सबैको भाषालाई सम्मानगर्नु पर्छ। मातृभाषा समाज र भूगोलको पहिचान पनि हो। एउटा मान्छेको पहिलो भाषा सामाजिक र सांस्कृतिक भावनासँग जोडिएको हुन्छ। यसलाई संरक्षण गर्ने सरकारको पहिलो दायित्व हो।

कोशीप्रदेशमा स्थानीय जनसंख्याको आधारमा सरकारी कामकाजको भाषालागु गर्दा सफलहुने विश्वास छ। तसर्थ, मोरंग, सुनसरी, उदयपुर र झापामा मगही, अंगिका, राजवंशी र थारु बोल्ने जातिहरुको बाकलो जनसंख्या छ। जुनभाषाको जहाँ प्रभाव बढी छ त्यहाँ त्यहीभाषा सरकारी कामकाजको भाषा हुनु पर्छ भन्ने मान्यता सरकारको हुनु पर्दछ। यसको जिम्मेवारी स्थानीय पालिका लाई दिनु पर्ने हो। प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी लागु गर्नु पर्ने देखिन्छ।

कोशी प्रदेशको तराई क्षेत्रमा घर घरमा बोलिने भाषालाई ठेठी भन्छ। तराईको ठेठ भाषा भनेको शुद्ध भाषा हो। ठेठ भाषा नै मगही भाषा हो। घरमा बोलिने भाषा जस्तै लेखाई पनि हुनु पर्छ। बोलाई र लेखाईमा धेरै फरक भएमा उक्त भाषा त्यो व्यक्तिको लागि मातृभाषा हुन सक्दैन्। यादव, तेली, कुशवाहा, धानुक, केवट, मल्लाह, हलुवाई, हजाम, पासवान, दुसाद, चमार/ राम, अमात, नुनिया, खत्वे, केवरत, कलवार, सोनार, बनियाँ, सुडी, तत्मा, कुर्मी, कुम्हार, सरवरिया, रौनियार, कथवनिया, भेडिहर, देव, बिन, राजभर, बरई, धोवी, कहार, माली, राजधोव, कानु, लगायतकाजातिहरुले ठेठी बोल्दछ। जसलाई मगही वा मागधी भनिन्छ।

तसर्थ, स्थानीयम बोलिने मगही भाषा बोल्ने ठाँउमा मगही भाषा, राजवंशी भाषा बोल्ने ठाँउमा राजवंशी भाषा, अंगिका बोल्ने ठाँउमा अंगिका भाषालाई कामकाजको भाषा बनाउन हार्दिक अनुरोध अपिल गर्दछु। यसले मात्रै सबैको भाषा सबैको पहिचानलाई स्थापित गर्छ। कोशी प्रदेश भित्रको तराई भूगोलमा स्थानीय तहको पालिकाहरुमा यी भाषाहरुको पनि बाकलो उपस्थिति छ। जसलाई नदर अन्दाज गर्न मिल्दैन्। ति भाषाहरु आफनो पहिचान खोजिरहेको छ। तर अति आधुनिक विद्धानहरुले मगही/ठेठीलाई अर्को भाषाको नाम दिएर वकालत गरेको देख्दा अचम्म लाग्दछ।

घर घरमा गएर गरिएको जनगणना २०७८ मा गणकले परिवारको संख्या सोध्ने, अन्य भौतिक आवश्यक कुराहरु सोध्ने बाहेक पहिचानको कुराहरु नसोधेकोले यो कम तथ्यांक आएको हो। गणकले आफनै मनले जात हेरेर भाषाको नाम लेखेको जानकारी गराउन चाहान्छु। गणकले पुर्खाको भाषा, मातृभाषा र दोस्रो भाषा के हो भनेर नसोधेको कारण तथ्यांक सहीनआएको कुरा त्यस वेला निकै चर्चामा आएको थियो। अव देखि गणकले जनगणना गर्दा यी कुराहरु प्रति सचेत भएर गणना गर्नु पर्दछ भन्ने मेरो बुझाई रहेको छ। कसैको भाषिक पहिचानलाई ख्याल- ख्यालमा समाप्तगर्नु हुदैन यसको लागि सबैले चासो राख्नु पर्ने मेरो धारणा छ।

| क्र.स. | भाषाको नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | २,१८,५३४ | ४.४० % |
| २ | राजवंशी | १,२८,१८९ | २.५८ % |
| ३ | अंगिका | ३५,९०३ | ०.७२ % |
| ४ | गनगाई | २६,२१७ | ०.५३ % |
| ५ | ताजपुरिया | २०१६७ | ०.४१ % |
| ६ | तराईको दलित र पिछडावर्गले बोल्ने ठेठी (मगही) | ५,०६,३३६ | १०.२१ % |

तथ्यांकमा उल्लेख गरिएका भाषाहरु स्थानीय तहमा लागु हुने गरी सरकारी कामकाजको भाषा बनाउन सर्ब स्वीकार हुन्छ। सबैको भाषा सबैको पहिचान कायम हुदै आम नागरिकले अपनत्व महसुश गर्नेछ। कोशीप्रदेशमा ठेठी (मगही) भाषाबोल्ने जातिहरु र जनसंख्या धेरै छन्।

ठेठी (मगही) भाषा मुस्लिम, राजवंशी लगायत तराईका अन्य जातिहरुले पनि बोल्दछ। त्यसैले, स्थानीयमा घर घरमा बोलिने भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिनु आवश्यक छ। पुन: स्मरण गराउन चाहान्छु कि मातृभाषा भनेको घरको भाषाहो ।यसलाई संरक्षण गर्न सरकारको प्रमुख दायित्व हो।

अर्थात माथि उल्लेख गरिएको जातिहरुको मातृ भाषा मगही (ठेठी) लाई सही मूल्यांकनगर्दा कोशी प्रदेशको तराई भूगोलमा मगहीभाषा सरकारी काम काजको भाषा राख्दा अधिकतम् फाइदा हुने र सरकारी नीति सफल हुने देखिन्छ। लेखक महतो भाषा संस्कृति प्रतिष्ठान विराटनगर का अध्यक्ष हुनुहुन्छ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थ्य सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : उद्धव कुमार भुजेल**

१६ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थ्य सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



**वडा अध्यक्ष : प्रकाश शाह**

१५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थ्य सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



**वडा अध्यक्ष : सुर्य नारायण महतो**

१४ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# व्यवसायिक स्थल सुरक्षार्थ मोरंग उद्योग व्यापार संघद्वारा सेमिनार सम्पन्न



विराटनगर । मोरङ उद्योग व्यापार संघले व्यवसायिक स्थलहरुको सुरक्षार्थ अग्नी सुरक्षा र वीमा नीतिहरु विषयक सेमिनार सम्पन्न भएको छ ।

“सुरक्षितकाय स्थल, सुरक्षित भविष्य” भन्ने नाराका साथउद्योगी/व्यवसायीहरुलाई आ-आफ्नो व्यवसायिक स्थलको अग्नी जोखिम व्यवस्थापन तथा सुरक्षात्मक वीमा नीतिहरु बारेमा विज्ञहरुबाट जानकारी गराउने उद्देश्यले सो सेमिनार आयोजना गरिएको थियो ।

सेमिनारको औपचारिक सत्रमा स्वागत मन्तव्य दिँदै अध्यक्ष अनुपम राठीले कार्यस्थलमा सुरक्षात्मक विधिहरु अपनाउनाले मानवजीवन, सम्पत्ति र व्यवसायलाई जिवन्त राख्न महत्वपूर्ण भूमिका खेल्ने बताए भएको वताए । साथै, वहाँले आ-आफ्नो कार्यस्थलमा उपलब्ध भवन, मेसिन, कच्चा पदार्थ, तयार वस्तुहरु सहित कर्मचारी, आगन्तुक र ग्राहक समेतको सुरक्षालाई ध्यान दिनु प्रत्येक उद्योगी/व्यवसायीको दायित्वरहेको जानकारी गराएका थिए ।

साथै सेमिनारका सहज कर्जाहरु अग्नी जोखिम व्यवस्थापन विज्ञ मनोज खत्री र वीमा विज्ञ प्रज्वल आचार्यले सेमिनारमा सहभागीहरुलाई सेमिनारमा कार्यस्थलको सुरक्षार्थ आवश्यक अग्नी जोखिम व्यवस्थापन विधीहरु, वीमा नीतिहरु, उपयोगी सुरक्षा उपकरण तथा यन्त्रहरु आदिबारे जानकारी र प्रयोगात्मक अभ्यास गराएका थिए ।

सेमिनारमा सहभागी विभिन्न औद्योगिक/व्यवसायिक प्रतिष्ठानका प्रमुख एवं प्रतिनिधिहरु तथा उद्योगी/व्यवसायीहरुले सेमिनारबाट प्रदत्तित जानकारी र प्रयोगात्मक अभ्यासहरु आफ्नो कार्य स्थलका लागि अत्यन्त उपयोगी र लाभदायी रहेको धारणा प्रकट गरेका थिए ।

व्यवसायिक स्थलको सुरक्षित वातावरणले व्यवसायको उत्पादकत्व र आत्म विश्वास बढाउने हुँदा त्यसका लागि औद्योगिक/व्यवसायिक प्रतिष्ठानहरुले अपनाउन सक्ने सुरक्षा विधि र उपकरणहरु बारे विशेषज्ञहरुबाट सचेतना मुलक जानकारी अवगत गराउने उद्देश्यले उक्त सेमिनारको आयोजना गरिएको थियो ।

संघका कार्यसमिति सदस्य एवं वीमा तथा वित्तीय समन्वय समितिका संयोजक अमित राठीको संयोजकत्वमा आयोजित उक्त सेमिनारलाई संघका अध्यक्ष अनुपम राठीले सभा- पतित्व गर्नु भएको थियो भने संघका महासचिव संजय कुमार श्रेष्ठले उक्त सेमिनारलाई संचालन गर्नु भएको थियो । नेपाल वीमा प्राधिकरण, कोशी प्रदेशकी प्रमुख श्रीमती प्रिति देव र विराटनगर महानगर पालिकाका नगर निरिक्षक राजनपौडेल समेतको उपस्थिति रहेको थियो ।

## मदिराको...

पत्रकारितामाथि गम्भीर खतरा पुऱ्याउँछ ।

अर्को महत्वपूर्ण पक्ष भनेको रोजगार हो । नेपालको सञ्चार क्षेत्रमा हजारौं पत्रकार, प्राविधिक, प्रशासकीय कर्मचारी र श्रमिक कार्यरत छन् । उनीहरूको रोजगारीको सुरक्षा विज्ञापन आम्दानीमा निर्भर हुन्छ । जब मदिरा विज्ञापन बन्द हुन्छ त्यसले प्रत्यक्ष रूपमा मिडियाको आम्दानी घटाउँछ र अप्रत्यक्ष रूपमा रोजगार संकट निम्त्याउँछ । पत्रकारिता केवल विचार र सूचना प्रवाहको साधन मात्र होइन ।सामाजिक सुरक्षा र रोजगारीसँग पनि गाँसिएको क्षेत्र हो भन्ने कुरा सम्झन जरुरी हुन्छ ।

यस्तो अवस्थामा समाधान को बाटो भनेको सम्पूर्ण विज्ञापन नीति पुनः समीक्षा गर्नु हो । सरकारले स्वास्थ्य र सामाजिक सुरक्षालाई मध्यनजर गर्दै मदिरा विज्ञापन रोक्नु स्वाभाविक हो तर मिडियाको हितलाई पनि बेवास्ता गर्नु हुँदैन । यसका लागि दुईवटा वैकल्पिक उपाय अपनाउन सकिन्छ । पहिलो मदिरा उद्योगबाट उठ्ने कर, शुल्क र जरिवानाको निश्चित प्रतिशत मिडिया विकास कोषमा विनियोजन गर्ने व्यवस्था गर्न सकिन्छ । यसरी मिडियाले अप्रत्यक्ष रूपमा भए पनि आफूले गुमाएको आम्दानीको क्षतिपूर्ति पाउन सक्छ । दोस्रो वैकल्पिक विज्ञापनका क्षेत्रहरू प्रोत्साहित गर्न सकिन्छ जसले मिडियामा लगानी बढाउँछ । जस्तै कृषि, पर्यटन, प्रविधि, नवीकर-णीय ऊर्जा र सामाजिक सन्देशका क्षेत्रमा प्रोत्साहन दिइन सक्छ ।

हाम्रो देश नेपालमा मिडियाको आर्थिक आधार अझै बलियो नभइसकेको अवस्थामा यस्तो प्रतिबन्धले गहिरो चोट पुऱ्याउँछ । खासगरी स्थानीय तहमा प्रकाशन हुने पत्रपत्रिका र रेडियोहरूमा यसको प्रभाव भयावह बनेको छ । ती सञ्चार माध्यमहरू गाउँ र समुदाय स्तरमा सूचना र लोकतन्त्रको आधार हुन् । तर जब उनीहरू आर्थिक संकटमा डुब्छन् त्यसको असर सीधा नागरिकलाई पर्छ । ग्रामीण भेगमा सूचनाको पहुँच घट्छ जनताको आवाज ओझेल पर्छ र सूचना असमानता बढ्छ । यो लोकतन्त्रको आधारभूत संरचनामा प्रहार हो ।

यसैबीच मिडिया उद्योगले पनि आत्म समा लोचना गर्नुपर्ने देखिन्छ । केवल मदिरा विज्ञापनमा निर्भर हुने प्रवृत्तिले भविष्यमा थप संकट ल्याउन सक्छ भन्ने कुरा पहिल्यै अनुमान गर्न सकिन्थ्यो । विविध स्रोत सिर्जना गर्ने प्रयास, सब्स्क्रप्सन मोडेल, अनुसन्धानात्मक सामग्री मार्फत पाठक र दर्शकसँग प्रत्यक्ष सम्बन्ध बढाउने अभ्यास आवश्यक छ । तर यी उपायलाई प्रभावकारी बनाउन सरकारले पनि नीतिगत समर्थन दिनुपर्छ ।

समग्रमा हेर्दा नेपालमा मिडियामा मदिरा विज्ञापन बन्द हुनु केवल स्वास्थ्य र सामाजिक दृष्टिले मात्र होइन लोकतन्त्र र प्रेस स्वतन्त्रताको दृष्टिले पनि बहस गर्नुपर्ने विषय हो । राज्यले मिडियालाई वैकल्पिक आधार र स्रोत उपलब्ध नगराउँदासम्म यस्तो निर्णयले सकारात्मकभन्दा नकारात्मक असर बढी पार्ने देखिन्छ । पत्रकारिता समाजको ऐना हो भने त्यो ऐना फुट्नुको पीडा समाजले नै भोग्नुपर्छ । त्यसैले समाधान भनेको मिडिया र राज्यबीचको सहकार्य हो । मिडियालाई वैकल्पिक सहारा दिइयोस् स्वास्थ्य र सामाजिक सुरक्षा पनि कायम रहोस् र लोकतन्त्रको चौथो अंग पनि मजबुत रहोस् ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )


**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**



**वडा वासीहरुको लागि जनहितमा जारी सूचना**

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : सुर्य लाल यादव**

१३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



**वडा वासीहरुको लागि जनहितमा जारी सूचना**

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



**वडा अध्यक्ष : हिरा बहादुर कामत**

१२ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



**वडा वासीहरुको लागि जनहितमा जारी सूचना**

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।



**वडा अध्यक्ष : तिर्थेन्द्र न्यौपाने**

११ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश